# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**सवारी साधन मोटरसाईकल खरिद सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

(तेश्रो पटक सूचना प्रकाशित मिति २०७६/११/१३ गते)

यस नगर कार्यपालिकाको कार्यालय प्रयोजनका लागि छ (६) थान मोटरसाईकल खरिद गर्नुपर्ने भएको हुदा नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी वा कम्पनीको अधिकृत बिक्रेतावाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन दरभाउ पत्र आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिले लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तीले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७६/०७७ को लागि नविकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजत पत्र, स्थायी लेखा नं. र मु.अ.कर दर्ता प्रमाणपत्र साथै आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) बमोजिमको स्व घोषण पत्र साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा कृषि विकास बैंक लिमिटेड, पालुङटार शाखामा रहेको संचित कोष खाता नं. ०३१७७००९५९५३१०१० मा जम्मा गरेको बैंक भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म दरभाउ पत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीद गरिएको दरभाउ पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाइ दर्ता गराउनु पर्नेछ ।

३. दरभाउ पत्र सम्बन्धि कागजातहरु दाखिला गर्दा सूचना तथा दरभाउ पत्र फाराममा तोकिएका प्रमाणहरु दरभाउ पत्र फाराम साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. दर्ता भएका दरभाउ पत्र सोहि दिनको २.०० बजे दरभाउ पत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित ब्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र दर्ता वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनको सोहि अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. बिल अफ क्वान्टीटीमा निर्दिष्ट भए अनुसार जम्मा कवोल रकम उल्लेख गरि सो रकममा मूल्य अभिबृद्धि कर समेत जोडि कूल जम्मा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

६. शिलबन्दी दरभाउ पत्र साथ जमानत वापत तपसिलमा उल्लेखित रकममा नघटाई यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको कृषि विकास बैंक लिमिटेड, पालुङटार शाखामा रहेको धरौटी खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा दरभाउ पत्र पेश गर्ने अन्तिम मिति वाट ९० दिन सम्म मान्य भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनुपर्नेछ ।

७. दरभाउ पत्र फाराम दर्ता गर्ने शिलबन्दि दरभाउपत्रदाताहरुले दरभाउ पत्र फाराममा संलग्न गरिएको स्पेसिफिकेसन्स तथा अन्य ब्यहोरा प्रष्ट रुपमा पढिमात्र सहि छाप गरि पेश गर्नुपर्नेछ ।

८. रित नपुगेको, म्याद नाघी पेश भएको, केरमेट गरेको, अंक अक्षर नबुझिने र सच्याईएको स्थान तथा दरभाउ पत्र फारामको प्रत्येक पानामा शिलबन्दि दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको हस्ताक्षर गरेको हुनुपर्ने छ ।

९. दरभाउ पत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधन | संख्या | दरभाउ पत्र फारम दस्तुर | दरभाउ पत्र जमानत रक रु. |
|---|---|---|---|---|---|
| १ | १३-२०७६/०७७ | Minimum 110-125 CC Four stroke, pertrol engine, Sturdy design, Suitable for driving on rough road conditions. | १ (एक) | रु.१०००।०० (एक हजार) | बोलकबोल रकम अंकको प्रतिशतले हुन आउने रक |
| २ | १४-२०७६/०७७ | 150-180 CC Four stroke, pertrol engine, Sturdy design, Suitable for driving on rough road conditions. | ५ (पाच) | रु.१०००।०० (एक हजार) | बोलकबोल रकम अंकको प्रतिशतले हुन आउने रक |

प्रमुख प्रशासकीय अधिकृत